## एनआरएनद्वारा दोलखा र सोलुखुम्बुमा राहत वितरण :

काठमाडौं । मुलुकमा आएको बिनासकारी भूकम्पबाट क्षतिग्रस्त जिल्लाहरुमा राहत बितरणका क्रममा गैरआवासीय नेपाली संघका अध्यक्ष शेष घलेले दुई दिनमा तीन जिल्लाको भ्रमण गरी भूकम्प पिडितलाई आपतकालिन राहत वितरण गर्नु भएको छ ।

दोश्रो पटकको भूकम्पले क्षति पुर्‍याएको सोलुखुम्बु र दोलखाका बिभिन्न गाउँमा पुगेर अध्यक्ष घलेले राहत वितरण गर्नुभएको छ ।




जेठ २ गते शनिवार सोलुखुम्बुको सल्लेरीमा आयोजित कार्यक्रममा एनआरएन अध्यक्ष घले सहितका गैरआवासीय नेपाली संघका पदाधिकारीहरुले भूकम्प पिडीतलाई राहत बितरण गर्नुभयो । कार्यक्रममा अध्यक्षघलेले वास्तविक पिडीतसम्म राहत पुर्‍याउन आफुहरु गाउँगाउँ पुगिरहेको बताउनुभयो ।

सो अबसरमा सोलुखुम्बुका प्रमुख जिल्ला अधिकारी झम्कनाथ ढकालले पछिल्लो भूकम्पबाट सोलुखुम्बुमा करिव २ हजार घरहरु भत्कीएको र करिव ५० जनाले ज्यानगुमाएको जानकारी दिनुभयो । धेरै क्षति भएपनि संकटग्रस्त घोषणा नहुँदा पर्याप्त राहत आउनन सकेको भन्दै ढकालले यस्तो अबस्थामा पनि गैरआवासीय नेपाली संघले राहत वितरण गरेकोमा आभार प्रकट गर्नुभयो ।

३४ गाविस रहेको सोलुमा नाम्जे,खुम्जुङ, चौंरीखर्क, बासा, काकु, सोताङ, बाकु, लुक्ला सल्लेरी लगायतका ठाउँ धेरै क्षतिग्रस्त भएको ढकालले जानकारी दिनुभयो । उहाँले राहत वितरणमा गैरआवासीय नेपाली संघलाई सक्दो सहयोग गर्ने वाचा गर्नुभयो ।

सो कार्यक्रममा संघका उपाध्यक्ष टीवी कार्की, एमआईटी ग्रुप फाउण्डेसनकी अध्यक्ष जमुना गुरुङ र एनआरएन आईसीसी सचिव रञ्जु थापा र आईसीसी सदस्य एसी शेर्पा लगायतको उपस्थीति थियो ।

सल्लेरी बाहेक नाम्चे, लुक्ला र तार्पतिङमापनि गैरआवासीय नेपाली संघले राहत वितरण गर्दै छ । तीगाउँमा राहत सामग्री पुर्‍याउने क्रमजारी छ । उपाध्यक्षटीवी कार्की र आईसीसी सदस्य एसी शेर्पाले तीठाउँहरुमा राहत वितरण गर्नुहुने छ ।

यसैगरी गैरआवासीय नेपाली संघले दोश्रो भूकम्पबाट ठुलो क्षतिभएको दोलखा जिल्लामा पनि राहत वितरण गरेको छ । अध्यक्ष शेष घलेले आइतबार दोलखाको काटाकुटी गाविसमा राहतवितरण गर्नुभयो । गैरआवासीय नेपाली संघले त्यहाँका एक हजार ३ सय परिवारलाई पुग्ने त्रिपाल, कम्बल तथा खाद्य सामग्री राहत स्वरुपवितरण गरेको छ ।



**बारपाकमा पुर्ननिर्माण बारे छलफलः**



यसैवीच गैरआवासीय नेपाली संघका अध्यक्ष शेष घलेको टोलीले आइतबार पहिलो भूकम्पको केन्द्रविन्दु रहेको गोरखाको बारपाक गाउँ पुगेर पुन:निर्माणबारे स्थानीय बासीसँग छलफल गरेको छ।

झण्डै १४ सय परिवार रहेको पर्यटकीय बारपाक गाउँ अहिले खण्डहर बनेको छ । अध्यक्ष घलेले त्यहाँका स्थानीय बासीसँग कसरी पुर्ननिर्माण गर्न सकिन्छ, उनीहरुको चाहना कस्तो गाउँ बनाउने छ लगायतका बिषयमा छलफल गर्नुभयो ।

स्थानीयबासीले आफुहरु बारपाकलाई पुननिर्माण गरेर नमुना गाउँ बनाउन चाहेकाले त्यहाँबाट बसाई सराई नगर्ने बताए । उनीहरुले भूकम्प प्रतिरोधी तर स्थानीयपन झल्किने घरहरु बनाउन चाहेको बताएका थिए। फेरि पनि बारपाकलाई पर्यटकीय गाउँ बनाउने र होमस्टे लगायतका सम्भावना खोजी गर्ने उनीहरुले बताए। खेतीपाती पर्याप्त नहुने भएकाले पर्यटन लगायतका आयआर्जनको श्रोतको पनि बिकाश गर्नु पर्ने उनीहरुको जोडथियो ।



गैरआवासीय नेपाली संघको सचिवालय, काठमाडौं ।
५ जेष्ठ, २०७२ ।